Norvic Health Exchange

बैसाख-असार २०८३

नर्सको सम्मानका लागि डेजी अवार्ड



बिरामीको सेवामा खटिने नर्सहरूको समर्पण पेशागत उत्कृष्टतालाई पहिचान र सम्मान गर्ने उद्देश्यले नर्भिकले अन्तर्राष्ट्रिय डेजी नर्सिङ अवार्ड सुरू गर्न लागेको हो ।

The DAISY FOUNDATION™

HONORING NURSES INTERNATIONALLY
IN MEMORY OF J. PATRICK BARNES



नर्भिक अस्पताल सधैं गुणस्तरीय स्वास्थ्य सेवा र मानवतामा आधारित उपचारमा विश्वास गर्छ । यहीकारण हामी पनि नर्सहरूको समर्पण, करूणा र सेवाभावलाई सम्मान गर्ने विश्वस्तरीय पहल डेजी फाउन्डेसनमा आबद्ध भएका छौं । यसमा आबद्ध हुनु भनेको हाम्रो संस्थाले नर्सहरूको योगदानलाई अन्तर्राष्ट्रिय स्तरमै मान्यता दिने प्रतिबद्धता व्यक्त गर्नु हो ।

स्वास्थ्य सेवामा नर्सहरु नै सबैभन्दा नजिकबाट बिरामीसँग जोडिने आधार हुन् । उनीहरूको कामलाई सम्मानित गर्दा समग्र स्वास्थ्य सेवाको गुणस्तर अझ माथि उठ्छ भन्ने हाम्रो विश्वास हो । त्यसैले बिरामीको सेवामा असाधारण रूपमा खट्ने नर्सहरूको पेशागत उत्कृष्टतालाई पहिचान र सम्मान गर्ने उद्देश्यले नर्भिकले नेपालमा पहिलो पटक डेजी नर्सिङ अवार्ड सुरू गर्न लागेको हो ।

डेजी अवार्डले नर्सहरूको पेशागत आत्मविश्वास बढाउनुका साथै उनीहरूको कामप्रतिको लगावलाई अझ बलियो बनाउँछ । साथै, अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठित भएकाले पनि उनीहरूको करिअर वृद्धि विकासमा सकारात्मक प्रभाव पार्छ र उत्कृष्टता कायम राख्न प्रेरित गर्छ । यसले नर्सहरूलाई आफ्नो कामप्रति अझ समर्पित र प्रेरित बनाउँछ । उनीहरूले आफ्नो मिहिनेत र सेवाभावको कदर भइरहेको महसुस गर्छन्, जसले कार्यक्षमता र सेवाको गुणस्तर दुवैमा सकारात्मक परिवर्तन ल्याउँछ ।

अवसर, आम्दानी र व्यक्तिगत सपना पूरा गर्न धेरैजसो नर्सले विदेश जाने लक्ष्य राखेका हुन्छन् । तर, डेजी अवार्डले उनीहरूलाई यहाँ पनि सम्मान, पहिचान र करिअर वृत्ति विकासको अवसर उपलब्ध छ भन्ने प्रेरणा दिन्छ । यसले निश्चित रूपमा नर्सहरूलाई स्वदशमै बसेर उत्कृष्ट काम गर्न प्रेरित गर्ने सकारात्मक वातावरण बनाउँछ ।

मेघा चौधरी
निर्देशक, नर्भिक अस्पताल

डेजी अवार्डको छनोट प्रक्रिया

मनोनयन : बिरामी, परिवार सदस्य, अस्पतालका कर्मचारी, आगन्तुक

छनोट-आधार : करूणा, बोली व्यवहार, पेशागत व्यवहार, जिम्मेवार, स्वच्छता र प्रस्तुति

मनोनयन तरिका : अस्पतालमा राखिएका भौतिक फारम तथा अनलाइन फारमको क्यूआर स्क्यान गरेर मनोनयन गर्न सकिनेछ । जुरीले अन्तिम निर्णय गरी मे १२ मा अवार्ड प्रदान गरिनेछ ।

अंग्रेजीको लागि:

नेपालीको लागि:

मनोनयनका लागि
क्यूआर स्क्यान गर्नुहोस् ।

कसरी सुरू भयो डेजी अवार्ड?

इम्युन थ्रोम्बोसाइटोपेनिया (आइटीपी) नामक अटोइम्युन रोगको जटिलताका कारण ३३ वर्षकै उमेरमा निधन हुनुभएका जे प्याट्रिक बर्निजको स्मरणमा सन् १९९९ मा नाफारहित संस्थाको रूपमा स्थापना भएको हो डेजी फाउन्डेसन । यसको मुख्यालय अमेरिकाको वाशिङ्टनमा छ । अंग्रेजीमा DAISY को पूर्ण रूप हुन्छ-डिजिजेज अट्याकिङ दि इम्युन सिस्टम ।

जे प्याट्रिक बर्निजको ८ साताको उपचारका क्रममा नर्सहरूले दर्शाएको असाधारण माया र उत्कृष्ट सेवाबाट प्रभावित भएर बर्निज परिवारले फाउन्डेसन स्थापना गऱ्यो, जसको उद्देश्य थियो नर्सहरूको असाधारण सेवाको सम्मान गर्नु ।

फाउन्डेसनकी सहसंस्थापक बोन्नी बानिजले भन्नुभएको छ-जब प्याट्रिक गम्भीर रूपमा बिरामी थिए, हाम्रो परिवारले नर्सहरूले दिनरात नभनी बिरामीलाई कति अद्भूत रूपमा हेरचाह प्रदान गर्छन् भनेर प्रत्यक्ष अनुभव गऱ्यो । यी नायकहरूलाई उनीहरूले गर्ने मानवीय र असाधारण सेवाका लागि प्रायः उचित रूपमा सम्मान गरिँदैन । अस्पतालका नर्सहरूले हरेक दिन गर्ने काम नै डेजी अवार्डको उद्देश्यलाई पूर्ण रूपमा प्रतिनिधित्व गर्छ ।

फाउन्डेसनमा हालसम्म ४६ देश र क्षेत्रका ७९ सयभन्दा बढी स्वास्थ्य संस्थाहरू आबद्ध छन्, जसले डेजी अवार्ड आयोजना गर्ने गर्छन् । हालसम्म यो अवार्डद्वारा विश्वभरका २ लाख ६० हजारभन्दा बढी नर्सहरूलाई सम्मान गरिएको छ भने ३५ लाखभन्दा बढी मनोनयन प्राप्त भएको फाउन्डेसनले आफ्नो वेबसाइटमा उल्लेख गरेको छ ।



यसका साथै फाउन्डेसनले अनुदान कार्यक्रम पनि सञ्चालन गर्ने गर्छ । फाउन्डेसनले 'जे प्याट्रिक बार्निज ग्रान्ट्स फर नर्सिङ रिसर्च एण्ड इभिडेन्स बेस्ड प्राक्टिस प्रोजेक्ट' तथा डेजी सम्मानितहरूका लागि मेडिकल मिसन अनुदान कार्यक्रम मार्फत् ९ लाख डलरभन्दा बढी अनुदान प्रदान गरिसकेको छ ।



डेजी अवार्डले नर्सहरूलाई उत्प्रेरित गर्छ

सरिता श्रेष्ठ

डेपुटी चिफ नर्सिङ अफिसर

नर्सहरु बिरामीको सेवामा दिनरात नभनी खटिएका हुन्छन् । उनीहरूले बिरामीको हेरचाह गर्नेमात्र नभई शारीरिक र मानसिक भरोसा पनि दिन्छन्, जसले बिरामीको स्वास्थ्यमा सकारात्मक प्रभाव पारिरहेको हुन्छ ।

नर्सले गरेको यस्ता सेवाको मूल्याङ्कन गर्न नर्भिक अस्पतालले अन्तर्राष्ट्रिय रूपमा प्रतिष्ठित डेजी अवार्ड सञ्चालन गर्नु गर्वको विषय हो । यसले नर्सहरूको करिअरमा पनि 'भ्यालु एड' गर्छ ।

नर्सले बिरामीको कसरी सेवा गरेका छन्, उनीहरूको सेवामा के पक्ष मन पऱ्यो, बोल्ने तरिका वा क्लिनिकल सेवालाई के कुराले प्रभावित गरेको छ, त्यसका आधारमा उत्कृष्ट नर्सको छनोट गरिन्छ । यसरी, आफूले गरेको कामको मूल्याङ्कनले पनि नर्सलाई कामप्रति अझै लगनशील भएर लाग्न, उत्कृष्ट सेवा दिन र स्वदेशमै बसेर सेवा गर्न पनि प्रेरित गर्नेछ ।

अस्पताल टाइमलाइन

२०१३ — नर्भिक हेल्थकेयर एण्ड रिसर्च सेन्टर

२०१८ — एस्कर्ट्स हार्ट इन्स्टिच्युटसँगको सहकार्यमा हार्ट कमान्ड सेन्टर स्थापना

२०१९ — न्यूरोलोजी विभाग स्थापना

२००० — देशकै पहिलो क्याथ ल्याब स्थापना

२००४ — डाइजेस्टिभ डिजिज सेन्टर सुरू, प्रसूति तथा स्त्री रोग विभाग स्थापना

२००५ — सीटी स्क्यान सेवा सुरू

२००६ — घुँडाको रिप्लेसमेन्ट शल्यक्रिया सुरू

२००७ — नेपालकै पहिलो मोबाइल सीसीयू सेवा सुरू

२००९ — नर्भिक इन्स्टिच्युट अफ नर्सिङ एजुकेसन स्थापना

२०१४ — लुनकरणदास चौधरी डायग्नोस्टिक सेन्टर स्थापना

२०१६ — देशकै पहिलो ग्यास्ट्रो इन्टेस्टाइनल इन्टेन्सिभ केयर युनिट सुरू

२०१९ — पब्लिक लिमिटेडमा रूपान्तरण

२०२१ — नेपालमै पहिलो पटक जेनेटिक स्क्रीनिङ र काउन्सिलिङ सहितको आईभिएफ सेवा सुरू

२०२२ — मिर्गौला प्रत्यारोपण सेवा

२०२३ — नयाँ भवन निर्माण सुरू

२०२४ — क्याथ ल्याबमार्फत् नेपालकै पहिलो इयुएस-गाइडेड क्वाइल एम्बोलाइजेसन सम्पन्न

२०२५ — सर्वसाधारणका लागि सेयर निस्कासनका लागि प्रकिया सुरू

दक्ष जनशक्ति र
अत्याधुनिक प्रविधि

नर्भिकको ठूलो शक्ति हो



डा. पंकज जलान
मेडिकल डाइरेक्टर

नर्भिक अस्पताल प्रविधि र जनशक्तिको हिसाबले नेपालका अग्रणी निजी अस्पतालमध्ये एक हो । यहाँ अत्याधुनिक मेडिकल उपकरणहरु उपचार प्रक्रियाका लागि प्रयोगमा ल्याईएका छन् र विभिन्न विशेषज्ञता भएका अनुभवी तथा दक्ष चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरूको बलियो टोली कार्यरत छ । निरन्तर तालिम र प्रविधिमा लगानीका कारण हामीले अन्तर्राष्ट्रियस्तरको सेवा प्रदान गर्दै आइरहेका छौं ।

विशेषगरी, यहाँ कार्डियाक केयर, आइभीएफ सेवा, क्रिटिकल केयर, स्ट्रोक केयर, ल्याप्रोस्कोपिक सर्जरी, क्यान्सर उपचार र अत्याधुनिक डायग्नोस्टिक सेवालगायत उपलब्ध छन् । डिजिटल हेल्थ प्रणाली (मोबाइल एप र अनलाइन रिपोर्टिङ) मार्फत् बिरामीलाई सहज र छिटो सेवा प्रदान गर्ने व्यवस्था पनि गरिएको छ । मिर्गौला प्रत्यारोपणमा शतप्रतिशत सफल नतिजा निकाल्न सफल छौं ।

हामीले हरेक वर्ष नयाँ-नयाँ उपचार प्रविधि र सेवा बिस्तार गर्दै आएका छौं । जसअन्तर्गत २०८२ मा उन्नत आइभीएफ सेवा, इम्युनोलोजी, पेडियाट्रिक न्युमाटोलोजी, Epidural Assisted Vaginal Birth, Water Birth, विशेष क्लिनिकहरू जस्तै पीसीओएस तथा स्तनपान परामर्श क्लिनिक सञ्चालनमा ल्याएका छौं । यस्तै, नयाँ डायग्नोस्टिक तथा उपचार प्रविधिहरू जस्तै Fibroscan, DEXA Scan, Jett Plasma, Argon Plasma Coagulation (APC), E-BUS, EUS-guided coil embolization, EBUS-TBNA लगायतका सेवा सुरू गरेका छौं । यी सेवाहरूले अझ प्रभावकारी र सहज उपचार सेवा उपलब्ध गराउने हाम्रो लक्ष्य हो ।



नर्भिकको मुख्य विशेषता र सबल पक्ष भनेकै दक्ष जनशक्ति, अत्याधुनिक प्रविधि, उच्चस्तरीय बिरामी सेवा, र व्यवस्थापनको प्रभावकारी प्रणाली हो । हामी छिटो, पारदर्शी र विश्वसनीय स्वास्थ्य सेवा प्रदान गर्न प्रतिबद्ध छौं । साथै, अत्याधुनिक प्रविधिको प्रयोग र समन्वित टिमवर्कले हामीलाई अन्य अस्पतालभन्दा फरक बनाएको छ । बिरामीको विश्वास, सेवाको गुणस्तर र निरन्तर सुधारप्रति प्रतिबद्धता नै नर्भिकको सबैभन्दा ठूलो शक्ति हो ।

अत्याधुनिक प्रविधिबाट सफल उपचार

अस्पतालमा अत्याधुनिक प्रविधिबाट विभिन्न जटिल समस्याको सफल उपचार हुँदै आएको छ । पछिल्लो समय अस्पतालमा टाउकोमा पानी जम्ने समस्याका लागि 'प्रोग्रामेबल शन्ट सिस्टम' विधिबाट उपचार गरिएको छ भने पहिलो पटक पेटको सुन्निएका रक्तनलीको अत्याधुनिक प्रविधिबाट सफल उपचार भएको छ । कलेजोको समस्या 'बड चियारी सिन्ड्रोम' को सफल उपचार तथा चिरफार नगरी मेरूदण्डको शल्यक्रिया सुरू गरिएको छ । यसका अतिरिक्त मुटुको नसामा क्यालिसियम जमेका बिरामीको अर्बिटल एथेरेक्टोमी प्रविधिमार्फत् सफल उपचार गरिएको छ । एकवर्षको अवधिमा मस्तिष्कको बाइपास सर्जरीमार्फत् ५ जना बिरामीको सफल उपचार गरिएको छ । अस्पतालमा पहिलोपटक फोक्सोको समस्या पत्ता लगाउने अत्याधुनिक परीक्षण इन्डोब्रोङकियल अल्ट्रासाउन्ड (इबस) पनि सुरू गरिएको छ ।



यस्तै, पाठेघरको मुख तथा भित्तामा साल टाँस्सिने जटिल अवस्था सेन्ट्रल प्लासेन्टा प्रिभिया विथ प्लासेन्टा परक्रिटा भएकी महिलाको सफल शल्यक्रियामार्फत् प्रसूति गराइएको छ । यसबाहेक, अस्पतालले कामकाजी महिलाले स्तनपानलाई कसरी निरन्तरता दिने, स्तनपानका क्रममा कस्ता समस्या आउन सक्छन्जस्ता विषयमा परामर्श र सहयोगका लागि पहिलो पटक स्तनपानसम्बन्धी परामर्श सेवा सञ्चालनमा ल्याएको छ ।

नर्भिक ३४ औं वर्षमा

इन्टिग्रेटेड क्यान्सर इन्स्टिच्युट स्थापना गर्ने योजना छ


निजी क्षेत्रको स्वास्थ्य सेवामा मानक स्थापित गर्न सफल नर्भिक अस्पतालले आफ्नो ३३ वर्षको यात्राका क्रममा उच्चस्तरीय स्वास्थ्य सेवा, दक्ष जनशक्ति र आधुनिक प्रविधिको संयोजनमार्फत् झन्डै ५० लाख बिरामीलाई सेवा दिइसकेको छ ।

अस्पताल स्वदेशका सबै वर्ग र समुदायका साथै विदेशी नागरिकका लागि समेत विश्वसनीय गन्तव्य बनेको छ । हालसम्म हामीले सातै महादेशका ४० भन्दा बढी मुलुकका नागरिकलाई गुणस्तरीय उपचार सेवा दिएका छौं ।

२ सय बेड स्वीकृतिप्राप्त यस अस्पतालले आफ्नो क्षमता वृद्धिका लागि बनाउन लागेको अत्याधुनिक ८ तले भवन निर्माणको अन्तिम चरणमा छ । भवन निर्माणसँगै अस्पतालको क्षमता ३ सय बेडको हुनेछ । अस्पताल सन् २०२१ को जुलाइ १७ देखि पब्लिक लिमिटेडमा रूपान्तरण भएको छ । यसैगरी, हामीले सर्वसाधारणका लागि चुक्ता पुँजीको २० प्रतिशत कित्ता साधारण शेयर निस्कासनका लागि प्रक्रिया पनि सुरू गरिसकेका छौं, जसका लागि निस्कासन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटल लिमिटेडलाई नियुक्त गरिसकिएको छ ।

मल्टिस्पेसियालीटी अस्पतालको रूपमा आफ्नो उत्कृष्ट सेवालाई बिस्तार गर्ने क्रममा हामी नर्भिक इन्टिग्रेटेड क्यान्सर इन्स्टिच्युट स्थापना गर्ने योजनामा अग्रसर छौं ।

अस्पतालले सब-स्पेसियालिटी क्षेत्रको रूपमा विकास भइरहेको इमर्जेन्सी सेवालाई पनि प्रभावकारी रूपमा सञ्चालन गरिरहेको छ, जसका लागि विशेषज्ञ चिकित्सक, मेडिकल अफिसर, नर्सिङ तथा सिनियर प्यारामेडिकल टिम चौबिसै घण्टा सेवामा खटिनुभएको छ । प्रि-हस्पिटल सेवाअन्तर्गत फोन आएको १० मिनेटभित्रै एम्बुलेन्ससहितको टिम बिरामी भएको ठाउँमा पुग्ने व्यवस्था मिलाइएको छ । यस्तै, नर्भिकले हेलिकोप्टर उद्दार सेवा पनि सञ्चालनमा ल्याइरहेको छ । जसअन्तर्गत देशका विभिन्न जिल्लाबाट बिरामीलाई हेलिकोप्टरबाट तत्काल उद्दार गरी सफल उपचार गरिएको छ ।



हामीले गम्भीर तथा आकस्मिक स्वास्थ्य समस्यामा परेका बिरामीलाई अस्पतालसम्म आइपुग्न निःशुल्क एम्बुलेन्स सेवा पनि सञ्चालनमा ल्याएका छौं । हालका लागि यो सेवा काठमाडौं चक्रपथभित्र गम्भीर तथा आकस्मिक अवस्थाका बिरामी तथा घाइतेका लागि लागू गरिएको छ । यस्तै, हामीले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न समयमा स्वास्थ्य शिविर, सामुदायिक अस्पतालसँग सहकार्य, सामुदायिक चिकित्सकका लागि तालिम, एक्सपोजर कार्यशालालगायतका कार्यक्रम आयोजना गर्दै आएका छौं ।

यसैगरी बिरामीको सेवामा अहोरात्र खटिने नर्सहरूको भूमिकालाई उच्च कदर गर्दै हामीले आकर्षक पारिश्रमिक लागू गर्नुका साथै डेजी फाउन्डेसनसँगको सहकार्यमा उत्कृष्ट नर्सलाई सम्मान गर्ने कार्यक्रम पनि सुरू गर्दैछौं ।

प्रविधिको विकाससँगै अस्पतालले डिजिटल प्रणाली पनि अंगिकार गरेको छ । अस्पताललाई डिजिटलाइज्ड बनाउने क्रममा छुट्टै एप विकास गरिएको छ । चिकित्सकहरूले डिजिटल रूपमा प्रेस्क्रीप्सन लेख्नुहुन्छ, जसबाट बिरामीले कागज बोकेर हिड्ने झन्झट हटेको छ भने ल्याब परीक्षणको रिपोर्ट पनि बिरामीले एपमार्फत् सहज रूपमा हेर्न सक्ने व्यवस्था मिलाइएको छ । यसका साथै बिरामीको ल्याब परीक्षण रिपोर्ट आफैं प्रिन्ट गर्न सकिने सुविधा 'अटोमेटिक रिपोर्ट प्रिन्टिङ सिस्टम' पनि अस्पतालले सञ्चालनमा ल्याएको छ ।

अजयकुमार मिश्र
प्रमुख कार्यकारी अधिकृत

नर्भिक इन्टरनेशनल अस्पताल बिरामीको गुणस्तरीय र विश्वसनीय उपचार सेवामा सदैव प्रतिबद्ध छ । आगामी दिनमा हामी सेवालाई अझ सहज बनाउँदै बिरामीको सेवामा समर्पित रहने विश्वास दिलाउन चाहन्छौं ।

नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.
जि.पि.ओ. बक्स : १४१२६ | थापाथली, काठमाडौं, नेपाल ।
+९७७-१-५९७०४३२
+९७७-१-५३१९६८६
media@norvichospital.com
www.norvichospital.com
/HospitalNorvic
ओ.पि.डि एपोइन्टमेन्ट : +९७७-१-५९७००३२, ९८०२१७००३२
एम्बुलेन्स : +९७७-९८०३-१११११९, ९८०३-२२२२२२
इमरजेन्सी : +९७७-१-५९११६२३
norvichealthexchange@gmail.com

नर्भिक हेल्थ एक्सचेन्जको यो अंक कस्तो लाग्यो ?
प्रतिक्रिया र सुझावका लागि इमेल गर्नुहोला ।

सम्पादन / संयोजन :
राजेन्द्र शलभ, अमन साह, युमी मानन्धर, रिता लम्साल ।